# पद्म ओजर छोइलिङ स्कूलमा टेन्डोङ ल्हो रूम फात पालन गरियो




**गान्तोक, ०८ अगस्त।** लेप्चा जातिको महान पर्वहरूमध्ये एक टेन्डोङ ल्हो रूम फात मंगलबार पद्म ओजर छोइलिङ स्कूलमा भव्यतासित पालन गरियो। यस पर्वको अवसरमा पद्म ओजर छोइलिङ स्कूलले वर्षेनी यस प्रकारको कार्यक्रम आयोजन गर्दै आएको छ। रूखको संरक्षण गरौं–जस्तो महत्वपूर्ण नारा लिएर आयोजना गरिएको पर्वमा स्कूलका विद्यार्थीहरूले जातीय एकताको प्रतिकको रूपमा नेपाली, भोटिया र लेप्चा गीत अनि नृत्य प्रस्तुत गरेका थिए। कार्यक्रममा उद्यमी कर्मा टाशी भोटिया मुख्य अतिथिका रूपमा उपस्थित थिए। यसरी नै राज्यका तीन जना पद्मश्री उपाधी प्रापक किपु लेप्चा, सोनाम छिरिङ लेप्चा र हिल्दामित लेप्चा विशिष्ट अतिथिका रूपमा उपस्थित थिए। दुई चरणको कार्यक्रमअन्तर्गत पहिलो चरणमा बुङथिङहरूद्वारा पूजा गरिएको थियो। दोस्रो चरणमा प्राथमिकदेखि दशौं श्रेणीसम्मका विद्यार्थीहरूले सांस्कृतिक कार्यक्रम प्रस्तुत गरेका थिए। नवौं श्रेणीका विद्यार्थीद्वय लमू लेप्चा र हिस्से लेप्चाले प्रकाश पारे। कार्यक्रम आयोजक समितिले उपस्थित सबैलाई पर्यावरण संरक्षणको लागि जागरूक बन्ने साथै रूख नकाट्ने सन्देश दिएका थिए।

# अन्योलताबीच वाहनहरूको सुचारू आवागमन

**गान्तोक, ०८ अगस्त।** गोर्खा जनमुक्ति मोर्चा (गोजमुमो) ले केन्द्र सरकारलाई दिएको अल्टिमेटम मंगलबार समाप्त भएको छ। केन्द्र सरकारले ८ अगस्तसम्म गोर्खाल्याण्डबारे सकारात्मक कदम नउठाए गोजमुमोले आन्दोलन अझ उग्र बनाउने चेताउनी दिएको थियो।

गोजमुमोले दिएको अल्टिमेटमलाई केन्द्रले कुनै रूपमा लिए भन्ने कुराको खुलासा गरिएको छैन। अर्कोतिर, गोजमुमोले दिएको आन्दोलन अग्र बनाउने अल्टिमेटमका करण सिक्किममा पुन: अन्योलता छाउन थालेको छ। यो अन्योलता विशेष रूपले राष्ट्रिय राजमार्ग १० मा वाहनहरूको आवागमनलाई लिएर हो। गोजमुमो कार्यकर्ताहरूले राष्ट्रिय राजमार्ग १० मा डब्ल्यु/बी (पश्चिम बंगाल) वाहनहरू नचलाउने अनुरोध गरिरहेको कुरा प्रकाशमा आइरहेको छ। एसके (सिक्किम) वाहनहरूलाई बन्दबाट छुट दिइएको छ। तर, वाहन चालकहरूलाई समूहमा आवागमन गर्ने सुझाउ पनि दिइएको कुरा बताइएको छ। मंगलबार सिक्किम–सिलगढ़ीबीच वाहनहरूको सुचारू रूपमा आवागमन भयो। समाचार लेखुञ्जेल वाहनहरूको आवागमनमा रोकटोक भएको खबर कतैबाट आएको छैन।

# बंगालमुक्ति दार्जीलिङको रूपमा 'भारत छोडो आन्दोलन' गर्ने

**मिरिक, ८ अगस्त।** जनआन्दोलन र अनिश्चितकालिन पहाड बन्दले गर्दा सामान्य जनजीवन अस्तव्यस्त बनेको छ। जारी आन्दोलनको बीच भोलिदेखि भारत छोडो आन्दोलनको ७५औ बर्ष गाँठको अवसरमा पहाडमा तिरंगा जुलूसको आयोजना गर्ने भएको छ। पहाडमा यो जुलूस बंगालमुक्ति आन्दोलनको रूपमा पालन गर्ने भएको छ। यो निर्णय गोजमुमो पार्टीको हो। बंगाल गोर्खाल्याण्ड छोडको नारा लिएर भोलि नौ अगस्तदेखि मिरिकमा पनि तिरंगा ऱ्यालीको आयोजना गर्ने भएको छ। जसको निम्ति भोलि शिक्षक समुहको जुलूस हुने छ। पर्सीको दिन अस्थायी कर्मचारीले ले गर्ने छन् भने यो १५अगस्तसम्म जारी रहने बताएका छन्।

# विश्वशान्ति रूद्रम मन्त्रोच्चारण अनि भजन



**गान्तोक, ०८ अगस्त।** श्री सत्य साई सेवा संगठन सिक्किम राज्यको तत्वावधानमा विश्वशान्ति रूद्रम मन्त्रोच्चारण अनि भजन राज्यका विभिन्न ठाउँमा सम्पन्न गरियो। संगठनका जिल्ला पदाधिकारीहरूको विशेष तयारीमा सञ्चालित कार्यक्रममा रूद्रम पाठ र भजन सम्पन्न गरियो। श्री सत्य साई सेवा संगठन गान्तोक अनि उत्तर जिल्लाका युवा संयोजक सी.पी गुरूङले जानकारी गराएअनुसार चारघण्टा अवधिको यो कार्यक्रम चार जिल्लाका मुख्यालय गेजिङ, मगन, नाम्ची, गान्तोकलगायत सिङताम, राभाङला, दरामदिन, जोरथाङ र रानीपुलमा्पनि सम्पन्न गरियो। बिहान नौ बजीदेखि शुरू भएको मन्त्रोच्चारण तथा भजन अपरान्ह एक बजी समाप्त भएको थियो। यसबीच ११ पल्ट रूद्रम पाठ गरिएको जानकारी पनि युवा संयोजकले गराए। यसअवसरमा संगठनका युवा, महिला, बाल विकास र ज्येष्ठ साई अनुयायीहरूको बाक्लो सहभागिता रहेको थियो।

# राहुलमाथि हमलालाई लिएर सत्तापक्ष–विपक्षमा तीखो बहस

**नयाँ दिल्ली, ०८ अगस्त (हिस)।** लोकसभा–राज्यसभामा मंगलबार कांग्रेस उपाध्यक्ष राहुल गांधीमाथि गुजरातमा ढुंगा फ्याँकिएको घटनालाई लिएर विपक्षले जम्मेर हंगामा गऱ्यो। जसकारण लोकसभाको कारबाही १२ बजीसम्मको लागि स्थगित गर्नुपऱ्यो। कांग्रेसले भन्यो, शहीद पूर्व प्रधानमन्त्री राजीवका छोरा हुन् राहुल, यस्ता मामिलाहरूदेखि भयभित हुनेछैनन्। लोकसभामा नेता प्रतिपक्ष मल्लिकार्जुन खड़गेले भने, सदनमा भाजपा नेतृत्व सरकारको तर्फबाट जम्मू कश्मीरमा ढुंगा फ्याँक्ने काम आंतकीहरूले गरिरहेछ भन्ने एक वक्तव्य आएको थियो। त्यसोभए, गुजरातमा कुन आंतकी आए, के भाजपा कार्यकर्ताहरूले आंतकी बनेर राहुल गांधीको ज्यान लिन चाहन्थे। एकातिर गोली हिर्काई ज्यान लिन्छन्। अर्कोतिर गुजरातमा ढुंगा फ्याँकी राहुलको ज्यान लिने प्रयास गरियो। विपक्षको तीखो हमलाको जवाफमा गृहमन्त्री राजनाथ सिंहले भने, ढुंगा फ्याँकिने घटनामा भारी संख्यामा सुरक्षाकर्मी तैनात गरियो, राहुल पुलिसद्वारा उपलब्ध गराइएको गाड़ीमा बसेनन्। पहिले पनि राहुल सुरक्षालाई लिएर गम्भीर रहेका छैनन्, बुलेटप्रूफ कारमा बस्न मान्दैनन्। उनले भने, राहुलले सुरक्षा मानकहरूको उल्लङ्घन गरे। स्वयंलाई संकटमा पारे। राहुल गांधीले क्षेत्रीय पुलिसको कुरा सुन्दैनन्। न त एसपीजी सुरक्षा कर्मीहरूको, उनी केवल आफ्नो निजी सुरक्षा कर्मीहरूको कुरा सुन्छन्। गुजरात सरकारले सुरक्षामा त्रूटीको कारणहरूको जाँच गरिरहेछ। एक आरोपीलाई पक्राउ गरिएको छ। राजनाथले राहुलको विदेश यात्राहरूमाथि प्रश्न चिन्ह खड़ा गर्दै भने, राहुल गांधी २ वर्षमा ६ पल्ट ७२ दिन विदेश दौरामा एसपीजी सुरक्षा कवर बिना गए। विदेश जाँदा एसपीजी सुरक्षा छोड़ेर के गर्न जान्छन् राहुल गांधी। हामी जान्न चाँहन्छौं, एसपीजी सुरक्षा प्राप्त भएपनि विदेशी यात्राहरूमा यसलाई नलिएर राहुल गांधीले के लुकाउने प्रयास गरिरहेछन्।

# भारत छोड़ो आन्दोलनको ७५औं वर्षगाँठमा भाजपाको शुभकामना

**गान्तोक, ८ अगस्त:** भारतीय जनता पार्टी सिक्किम प्रदेशले भारत छोड़ो आन्दोलनको ७५औं वर्षगाँठमा सम्पूर्ण सिक्किमे जनतालाई हार्दिक शुभकामना व्यक्त गरेको छ। ९ अगस्त १९४२–को दिन राष्ट्रपिता महात्मा गान्धीले देशवासीलाई यसै आन्दोलनमा 'करो या मरो' भन्ने नारा दिएर अंग्रेजगरूलाई भार छोड्ने आन्दोलन शुरू गरेका थिए। यो आन्दोलनमा देश स्वतन्त्रताका निम्ति लड्ने सबै नेताहरूलाई अंग्रेज हुकमतले जेल हालेको थियो तर पनि देशवासीले आफैं आफ भारत छोड़ो आन्दोलनलाई अगाड़ि बढ़ाएका थिए।

प्रधानमन्त्री नरेन्द्र मोदीले गत ३० जुलाईको मन की बात–मा देशलाई सम्बोधन गर्दै गरीबी भारत छोड़ो, भ्रष्टाचार भारत छोड़ो साम्प्रदायिकता भारत छोड़ो, जातिवाद भारत छोड़ो नारा दिएका छन्। भारतलाई विकसित देश बनाउनका निम्ति प्रधानमन्त्री नरेन्द्र मोदीले दिएको यी नाराहरूलाई जसरी गान्धीजीको भारत छोड़ो आह्वानलाई पालन गरेका थिए। त्यसरी नै पालन गरिनुपर्ने आवश्यकता रहेको भाजपा सिक्किमले जनाएको छ। आज देश भ्रष्टाचारको किचलोबाट बाहिर निस्कन खोज्दैछ। देशका प्रत्येक नागरिकले सामाजिक, राजनैतिक प्रशासनिक तथा निजी जीवनमा भ्रष्टाचारदेखि टाड़ा रहनुपर्ने र भ्रष्टाचारप्रति घृणा हुनुपर्ने आवश्यकता रहेको प्रदेश भाजपाले बताएको छ।

त्यस्तै प्रकारले आज देशको एउटा ठूलो तप्का गरीबीसँग जुझी रहेको छ। गरीबीलाई देशबाट निकाल्नुको निम्ति प्रत्येक नागरिकले हातेमालो गर्नुपर्ने र गरीबलाई संवेदना होइन सहयोग दिनुपर्छ। त्यस्तै प्रकारले देशमा साम्प्रदायिकता र जातिवादको गाड़े घाउबाट निको हुन देशवासीले अंग्रेजहरूलाई देश छोड़ो भने झैं यो बिमारीलाई पनि देशबाट निकाल्न जरूरी रहेको प्रदेश भाजपाको भनाई छ। ९ अगस्तको दिन प्रत्येक नागरिकलाई आ–आफ्नो घरमा तिरंगा लहराएर राष्ट्र गान गाउने, शहिदहरूको परिवारसँग भेटघाट गर्ने, देश भक्ति गीतका नाराहरू लगाउने र बेलुकी पख मसाल जुलूस निकालेर भ्रष्टाचार, गरीबी, साम्प्रदायिक्ता र जातिवादलाई देश छोड़ोबाट निकाल्ने कसम खानुपर्ने आह्वान पनि भारतीय जनता पार्टीले देश प्रेमी जनतालाई आह्वान गरेको छ।

# जीएसटीको नियम र यसको उपयोगिताबारे कार्यक्रम

**गान्तोक, ८ अगस्त :** आज केन्द्रिय वस्तु एवं सेवा कर सिलगढ़ी आयुक्त कार्यालयद्वारा राजधानी गान्तोकमा जीएसटी विस्तार कार्यक्रम आयोजन गरियो। यस अवसरमा सीजीएसटी–का आयुक्त पार्थो रोय चौधरी, सहायक आयुक्त पुरण लामा, अधीक्षक डी. डी. च्याटर्जी अनि सहायक आयुक्त एस. पलको विशेष उपस्थिति थियो।

कार्यक्रमलाई सम्बोधन गर्दै सहायक आयुक्त पी. लामाले जीएसटी–बारे नबुझेका कुराहरूलाई लिएर यस प्रकारको चेतनामूलक कार्यक्रम आयोजन गरिएको जनाए। यसैगरी अधीक्षक डी. डी. च्याटर्जीले यस विषयमा सबैलाई जागरूक गराउँदै जीएसटी–को नियम र यसको उपयोगिताबारे प्रकाश पारे। कार्यक्रमका प्रमुख वक्तका रूपमा पार्थो रोय चौधरीले जीएसटी–को नव पञ्जीकरणको विधि, कार्यान्वयन प्रक्रिया साथै कतिपय कमी कमजोरीका कारण कार्यान्वयन हुन नसकेका नियमहरूबारे बताउँदै यसको। दैन्दिन परिचालनको नियमबारे बताए। यसैगरी उनले सीजीएसटी, एसजीएसटी अनि आईजीएसटी–बारे पनि उनले स्पष्ट पारे। पुरानो अवधारणा परिणत भएर नयाँ अवधारणामा यसको कार्यान्वयन गरिएको जसमा सामग्रीहरूको बिक्री पुरानो अवधारणा थियो भने वस्तुहरूको निर्यात नयाँ अवधारणामा रहेको जनाए।

यसको निती नियमको अनुपालन भएको छ वा छैन यसबारे पनि सतर्क गराउँदै जीएसटीले विशेष गरी ग्राहकहरूलाई फाइदा पुग्ने जनाए। जानकारहरूले विभिन्न विभाग अन्तर्गत जनचेतना फैलाउने काम गर्नुपर्ने आग्रह गर्दै राज्य बाहिरका ट्राभल एसोसिएशन–हरूले यहाँ व्यापार सञ्चालन गर्ने अधिकार नरहेकाले आउँदा दिनहरूमा ट्राभल व्यवसाय चल्न कठिन पर्ने भएको जनाए। भविष्यमा यस विषयलाई लिएर सुचारू परिचालनको व्यवस्था मिलाइने उपस्थित अधिकारीहरूले जनाए। यसमाथिको शिकायतहरूबारे प्रस्तुति दिंदै जीएसटी–लाई सही र सुचारू कार्यान्वयनका लागि आधिकारिक रूपमा परिचालन गरिनुपर्ने कुरामा जोड़ दिइएको छ।















# उत्तर सिक्किममा टेन्डोङ ल्हो रूम फात्






उत्तर सिक्किमको सिङ्घिकस्थित रिंघिम नाम्पताम जीपीयूमा भव्य रूपमा टेण्डोङ ल्हो रूम फात् पर्व पालन गरियो। यस अवसरमा वन विभागीय मन्त्री छिरिङ वाङ्दी लेप्चा मुख्य अतिथिको रूपमा उपस्थित थिए। यस अवसरमा स्थानीय बुङथिङहरूले प्रार्थनाको आयोजना गरेका थिए। समारोहमा विविध सांस्कृतिक कार्यक्रमहरू पनि समावेश गरिएको थियो।

'हाम्रो प्रजाशक्ति'–का स्वामित्व, प्रकाशक, मुद्रक तथा सम्पादक अञ्जन उपाध्यायद्वारा गैरीगाउँ, तादोङबाट प्रकाशित तथा सिलगढ़ी प्रेस प्रा. लि., परिवहन नगर, मटीगढ़ा, सिलगढ़ीमा मुद्रित। E-mail: hamropraja@gmail.com, RNI - SIKNEP/2000/03113